# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०९।१८ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

-----------------------------------------------------------------

घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंका प्रमुख प्रशिक्षक(पाँचौ तह) सरिफा पन्तले घरेलु उद्योग दर्ताको लागि घरधनीको नागरिकता प्रमाण-पत्र नरहेकोले लाहाछाप लगाउने उद्योगको अनुमति दिन नमिल्ने भनी सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले सोही कार्यालयमा बिचौलियाको काम गर्ने खगेन्द्र बोहोराले काम गराइदिन्छु भने बमोजिम निज सरिफा पन्तले टिप्पणी उठाई काम गरिदिएको तर प्रमाण-पत्र दिने काम बाँकी राखेको अवस्थामा निज सरिफा पन्त र खगेन्द्र बोहोरालाई रु.५,०००।-(पाँच हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा का.म.न.पा.-११ स्थित घरेलु तथा साना उद्योग कार्यालयबाट मिति २०७५।९।१७ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता